आज मिति २०८१ वैशाख २५ गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक वसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री मधु माया बगाले

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

अन्य उपस्थिति :

लेखा शाखा प्रमुख :- श्री मनि राना मगर (लेखा अधिकृत)

प्रशासन शाखा प्रमुख :- श्री अनिल कुमार गुरुङ

**मिति २०८१/०१/२५ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु:**

**निर्णय नं १: अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।**

मिति २०८०/१२/२८ गतेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको अवस्था बारे यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं. २ : ईको हिमाल सँगको सहकार्यमा परिचयात्मक यात्रा सम्बन्धमा ।**

ईको हिमाल नेपाल र मर्स्याङ्दी गाउँपालिकाको साझेदारीमा यस गाउँपालिकाको वडा नं. ७ स्थित ४ वटा गाउँहरु (छिनखोला, शेरा, ताराचोक र लुदी) मा पर्यटन प्रवर्द्धनको लागि उक्त गाउँहरुका ऐतिहासिक र पर्यटकिय बराह पोखरीको प्रवर्द्धन गर्ने उद्धेश्यका साथ पर्यटन सम्बद्ध सरकारी तथा गैर सरकारी निकायहरु, संघसंस्थाहरु, पर्यटन विज्ञ, सञ्चारकर्मीहरुको सहभागितामा प्राकृतिक र साँस्कृतिक पर्यटन प्रवर्द्धन र विकास गरी यस क्षेत्रका स्थानिय समुदायहरुको आय आर्जन र स्वरोजगारीका अवसरहरु सिर्जना गर्दै ग्रामीण दिगो पर्यटनको विकास गर्नको निम्ति मिति २०८१ जेष्ठ ४ गते देखि ७ गते सम्म परिचयात्मक यात्रा आयोजना गर्ने र सोका लागि पर्यटन प्रवर्द्धन शिर्षकमा विनियोजित बजेट शिर्षकबाट ईको हिमाल नेपाल सँगको लागत साझेदारीको लागि रु.२०००००।-(अक्षरुपी दुई लाख) बिनियोंजन गर्ने गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ३: सफा मर्स्याङ्दी अभियान सम्बन्धमा ।**

सन २०२४ जुन ५ तदनुसार २३ जेष्ठ २०८१ मा पर्ने विश्व वातावरण दिवसको अवसरमा यस वर्ष पनि मर्स्याङ्दी गाउँपालिकामा विभिन्न कार्यक्रमहरु र सरसफाई गर्दै सप्ताहाव्यापी सफा मर्स्याङ्दी अभियान सञ्चालन गर्ने गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ४ : मेडपाको तालिम सम्बन्धमा ।**

यस आ.व.मा स्विकृत शसर्त तर्फको ब.उ.शी.नं: २.६.४.१११ को (रु. ५००,००० - पाँच लाख) प्राविधिक शिक्षा तथा ब्यावसायीक तालिम कार्यक्रम अन्तरगतको सिटिईभिटीका आङ्गिक शिक्षालयसँगको समन्वयमा उद्धमशीलता विकास तथा शिपमूलक तालिम संचालन गर्ने सम्बन्धमा छलफल हुँदा, पालिका भरका युवाहरुलाई लक्षित गरी २० जना युवाहरु सबैवडालाई समेटी **पावर टिलर (हाते ट्याक्टर) संचालन तथा मर्मत तालिम** कार्यक्रम संचालन गर्ने जसमा शीपमूलक तालिमका लागि खरिद प्रकृयाबाट सेवा प्रदायक सिटिईभिटीका आङ्गिक शिक्षालयलाई दिने र उद्धमशिलता तर्फको कार्यक्रम यस पालिकाको मेड्पा शाखाबाट संचालन गर्ने र सो बजेट बाट अपुग रकम पालिकाले थप गर्ने समेत गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ५ : ताघ्रिङ घेर्मु वचत तथा ऋण सहकारी सम्बन्धमा ।**

ताघ्रीङ घेर्मू बचत तथा ऋण सहकारी संस्थाको लि.को समस्य समाधानका लागि स्थानिय सहकारी ऐन, २०७५ पहिलो संशोधन २०८० बमोजिम गठित अनुगमन तथा छानविन समितिको प्रतिवेदनको पाना नं. ११ को सिफारिस को बुँदा ३ बमोजि र स्थानीय सहकारी ऐन, २०७५ को दफा (८४) बमोजिम सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ब्यवस्था रहेकोले सो बमोजिम लेखि पठाउने निर्णय गरियो ।

अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ६ : स्थानीय तह समन्वय समिति गठन सम्बन्धमा ।**

किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका २०७९ को परिच्छेद -३ को समिति सम्वन्धी व्यवस्था बमोजिम स्थानिय समन्वय किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सम्वन्धी नीति निर्माण, योजना, सेवा विस्तार तथा प्रमाणीकरण र अनुगमन तथा मुल्याङ्कन गर्न तपसिल बमोजिमको स्थानिय तह समन्वय समिति गठन गर्ने गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

१. संयोजक - अर्जुन गुरुङ, अध्यक्ष

२. सह-संयोजक - जुना माया थापा, उपाध्यक्ष

३. सदस्य - दुधमान तामाङ, वडा अध्यक्ष वडा नं. ३

४. सदस्य - ढुण्डी राज घिमिरे, प्रधानाध्यापक चन्द्रोदय मा.वि.

५. सदस्य - अध्यक्ष वाल सञ्जाल (किशोर किशोरीहरु)

६. सदस्य - सचिव वाल सञ्जाल (किशोर किशोरीहरु)

७. सदस्य - किशोर किशोरीहरुको प्रजनन् स्वास्थ्य क्षेत्रमा काम गर्ने संस्था मध्येबाट

८. सदस्य - लक्ष्मी घले, शिक्षा शाखा

९. सदस्य - लुल बहादुर घले, स्वास्थ्य शाखा प्रमुख

१०.सदस्य - लेखनाथ उपाध्यय, स्वास्थ्य कार्यालय

११.सदस्य सचिव - अर्जुन चपाई, प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं. ७ : राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम सम्बन्धमा ।**

यस मर्स्याङदी गाउँपालिका कार्यालयको लागी नेपाल सरकार राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम अन्तरगत आ.व. २०८०/८१ को लागी रकम रु. ८,००,०००.०० (अक्षरुपी: आठ लाख रुपैया मात्र) विनियोजित भएकोमा समय अवधी कम भएको कारण विगतको बैठकबाट विनियोजन गरिएको शिर्षकहरु तपशिल बमोजिमका प्रविधि जडानमा हेरफेर गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र.सं. | प्रविधि जडान | रकम | कैफियत |
|---|---|---|---|
| १. | कार्यालयहरुमा व्याक अप जडान | ७,२०,००० | २ वटा वडा कार्यलयहरुमा |
| २. | सौर्य उर्जा | ८०,००० | ४ वटा घरहरुमा |

**निर्णय नं. ८ : अर्जुन घलेलाई स्नातक प्राविधिक पदमा पदस्थापन गर्ने सम्बन्धमा ।**

मर्स्याङदी गाउँपालिका कृषि शाखामा कार्यरत कृषि स्नातक प्राविधिक पदमा कार्यरत श्री रुक्मिनी खत्रीले मिति २०८१/०१/२५ गते राजिनामा स्वकितृ भएकोले सोही शाखामा कृषि अधिकृत पदमा कार्यरत श्री अर्जुन घलेलाई कृषि स्नातक प्राविधिक पदमा पदस्थापना गरी सोही शिर्षकबाट तलब भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : हलुका सवारी चालक गोविन्द सेढाईको अतिरिक्त भत्ता सम्बन्धमा ।**

यस मर्स्याङदी गाउँपालिकाको कार्यालयमा सेवा प्रशासन समूह सामान्य प्रशासन समुह सहायकस्तर पाँचौ तह कार्यालय सहयोगी पदमा कार्यरत श्री गोविन्द सेढाईले अतिरिक्त जिम्मेवारीको रुपमा गाउँपालिकामा सवारी चालकको कार्य समेत गर्दै आउनु भएको तथा गाउँपालिकाको काममा विहान बेलुकाको समय तथा सार्वजनिक विदाको दिन समेत काम काजमा खटिनु पर्ने भएकोले निजलाई मिति २०८०/०४/०१ देखि मासिक रुपमा रु.६,००० (अक्षरुपी छ हजार रुपैया) मात्र अतिरिक्त भत्ता उपलब्ध गराउने निर्णय गरियो ।



अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. १० : संगठन व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको संगठन व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन तयार गर्न तपशील वमोजिमको मर्स्याङदी गाउँपालिका संगठन व्यवस्थापन तथा सर्वेक्षण समिति गठन गर्ने यस कार्यपालिकाको वैठकमा सर्वसहमतिले निर्णय गरियो ।

तपशील :

संयोजक - श्री प्रमुख प्रशासकिय अधिकृत
सदस्य - श्री लेखा शाखा प्रमुख
सदस्य - श्री सूचना प्रविधि शाखा प्रमुख
सदस्य - श्री प्रशासन शाखा प्रमुख
सदस्य - श्री योजना शाखा प्रमुख

**निर्णय नं. ११ : आर्थिक सहयोग सम्वन्धमा :**

१) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न.१ मा उल्लेखित विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस गोष्ठि सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकबाट तपसिल बमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- डा. हर्क गुरुङ प्रतिष्ठान, मर्स्याङ्दी -७ रु. २०,०००।- (सालीक अनावरण तथा दोस्रो अधिवेशन)
- जिल्ला ट्राफिक कार्यालय, लमजुङ रु. १०,०००।- (ट्राफिक सप्ताह कार्यक्रम)
- विश्व हिन्दु महासँघ, लमजुङ रु. १०,०००।- (अधिवेशन)
- तीन कन्या युवा क्लव, मर्स्याङ्दी -९ रु. १५,०००।- (फुटबल प्रतियोगिता)

२) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न. ५ मा उल्लेखित विपद् व्यवस्थापन कोष सम्बन्धी विनियोजित वजेट खर्च शिर्षकबाट तपसिल बमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- सरस्वती सदन आधारभुत विद्यालय, मर्स्याङ्दी -९, रु. ५०,०००।- (हुँरीले छाना उडाई क्षति)

अर्जुन गुरुङ
अध्यक्ष

अर्जुन थपाई
प्रमुख प्रशासकीय अधिकृत